मिति २०८२/१२/०७ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिका बैठकमा निम्न उपस्थिति बीच तपसिलका प्रस्तावहरू उपर छलफल गरी देहाय बमोजिम निर्णयहरू सर्वसम्मतिबाट पारित गरियो।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सविता राई | कार्यवाहक अध्यक्ष | | ९८६३९१००३४ |
| २ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ३ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८५२८३१८४८ |
| ४ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ५ | विकास भारती | ४ नं. वडा का.बा. अध्यक्ष | | ९८४२९३६४५३ |
| ६ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४९५२५५ |
| ७ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ८ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| ९ | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| १० | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| ११ | बुद्धिराज राई | कार्यपालिका सदस्य | | ९८६१०६५७५८ |
| १२ | डिल्ली वि.क. | कार्यपालिका सदस्य | | ९८६०६३४७७७ |
| १३ | सरिता राई | कार्यपालिका सदस्य | | ९८६२४२२३५० |
| १४ | तमुना राई | कार्यपालिका सदस्य | | ९८४१९४३८६२ |
| १५ | तारा देवी श्रेष्ठ | कार्यपालिका सदस्य | | ९८६२१२३५३१ |
| १६ | सर्मिला हिङमाङ | कार्यपालिका सदस्य | | ९७४५२७४३४० |
| १७ | अजम्बर राई | सचिव | | ९८५२८६६१२३ |

**प्रस्तावहरु:**

१) अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२) ठेक्का पुन आह्वान गर्ने सम्बन्धमा ।

३) सरुवा सहमति सम्बन्धमा ।

४) तह मिलान सम्बन्धमा ।

५) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी प्राविधिक समिति गठन सम्बन्धमा ।

६) खाम्पाचे शेर्पा निमार्ण सेवा प्रा.लि.को कसर छानबिन समिति गठन सम्बन्धमा ।

७) प्राकृतिक प्रकोपबाट पिडितहरुलाई राहत वितरण सम्बन्धमा ।

८) LGPAS ।

९) विविध ।

**निर्णय नं. १** — प्रताव नं. १ माथि छलफल गर्दा मिति २०८२/११/४ को कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समीक्षा गरियो । उक्त समीक्षामा अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाईयो।

**निर्णय नं. २** — प्रस्ताव नं. २ माथि छलफल गर्दा यस थुलुङ दुधकोशी गाउँपालिकाद्वारा मिति २०८२/१०/२१ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र ठेक्का नं TDRM/NCB/W/J-09-2082/2083(Jalim Chhetra Paryatan Prabardhan Karyakram) र TDRM/NCB/W/C-10-2082/2083(Solukhumbu Thulung Dudhkoshi Ga. Pa. Ko. Purbadhar Nirman Tatha Parisar Staronnati karya) बोलपत्र मिति २०८२/११/२२, १२:०० बजे र बोलपत्र खोल्ने मिति २०८२/११/२२, १३:०० बजे तोकिएको थियो, तर नेपाल सरकारद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा २०८२/११/२० देखि २०८२/११/२२ गते सम्म मुलुकभर सार्वजनिक बिदा दिने नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय गरिएको थियो। सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक विदाको दिन बोलपत्र खोल्न नसकिने वा खोल्न नहुने कुनै स्पष्ट व्यवस्था नभएकोले यस थुलुङ दुधकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८२/११/२३ गते शनिवार बिहान १०:१४ देखि ११:०० बजे बिचको समयमा खोलिएकोले उक्त विषयमा वोलपत्र पेश गर्ने समय बिदा भएकोले बोलपत्रमा भाग लिन बञ्चित भएको भनि M/S Sky Builders and Developers बाट मिति २०८२/१२/०३ गते यस कार्यालयमा निवेदन प्राप्त भएको र सो अध्ययन गर्दा ऐ.ऐन तथा नियमावलीमा समेत बिदाको दिन खोल्न नहुने भनि व्यवस्था नभएको र सार्वजनिक खरिद व्यवस्थापन कार्यालय (PPMO) बाट मिति २०८२/११/१५ गतेको बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको अन्तिम म्याद सार्वजनिक बिदामा नरहने गरी म्याद थप गर्नुपर्ने खण्डमा सार्वजनिक

निकायले म्याद थप गर्नु हुन भनि स्वविवेकको स्वायत्तता प्रयोग गर्ने गरी सूचना अनुसार ठेक्का नं TDRM/NCB/W/J-09-2082/2083 (Jalim Chhetra Paryatan Prabardhan Karyakram) र TDRM/NCB/W/C-10-2082/2083 (Solukhumbu Thulung Dudhkoshi Ga. Pa. Ko. Purbadhar Nirman Tatha Parisar Staronnati karya) बोलपत्र पुन आह्वान गर्ने गाउँ कार्यपालिकाबाट सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ३ —** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको सब-इन्जिनियर सहायक स्तर पाँचौं पदमा कार्यरत जीवन तिम्सिना (क.स.नं. २३९७९४) र प्रशासन सहायक पाचौं तहमा कार्यरत दिनिशा चौलागाई (क.सं नं. २४२२३१) को सरुवा भई अन्य स्थानीय तह सरुवा जान पाउ भनि दिएको निवेदन तथा कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २४ को उपदफा ४ बमोजिम अन्तर स्थानिय तहमा सरुवा भई जान सहमति प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४ —** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा बाली विकास अधिकृतस्तर छैटौं तहमा कार्यरत डिल्लुनाथ योगीले मिति २०८२।०९।३० गते तह मिलान गरिदिनु भन्ने निवेदन उपर कारबाही गर्दा कोशी प्रदेश सरकारको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ८ को उपदफा १७ तथा सम्बन्धित कानूनको आधारमा निजको सुरु नियुक्ति मितिबाट नै जेष्ठता लागू हुने गरी बाली विकास अधिकृतस्तर सातौं तहमा तह मिलान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ५–** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्र संचालन हुने उदेश्यले तयार भएको प्रारम्भिक वातावरणीय परिक्षण तथा संक्षिप्त वातावरणीय परिक्षण प्रतिवेदनको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ को उपदफा १ अनुसार देहायबमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

देहाय

योजना तथा प्राविधिक महाशाखा/शाखा वा इकाई प्रमुख — नागेन्द्र बस्नेत ( इन्जिनियर )

आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषयको विज्ञ -

वातावरण तथा विपद व्यवस्थापन विषय हेर्ने महाशाखा/शाखा/एकाई प्रमुख — शरण कुमार राई (सब इन्जिनियर)

**प्रस्ताव नं. ६ —** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकामा प्राप्त निवेदन अनुसार वडा नं. १ अन्तर्गत सिकु खोला दोभान क्षेत्रमा दुधकोशी बादे पुल निर्माण कार्यको प्रयोजनको लागि खाम्पाचे शेर्पा निमार्ण सेवा प्रालि ( Khampache Sherpa Nirman Sewa Pvt.Ltd) द्वारा स्थापित

क्रसर प्लान्टबाट प्राकृतिक स्रोतको अवैध दोहन, कर छली तथा ढुङ्गा गिटी बालुवा बिक्रि बितरण विषयको निवेदन उपर छानबिन समिति देहायबमजिम आजको मितिले ३० ( तिस ) दिन भित्र कार्यपालिका समक्ष छानबिन समितिले प्रतिवेन पेश गर्ने गरी समिति गठन गर्न सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

देहाय

भोज राज कार्की (वडा नं. ७ को वडा अध्यक्ष ) - संयोजक

दिल बहादुर बि.क. (कार्यपालिका सदस्य) — सदस्य

शरण कुमार राई (सब ईन्जिनियर ) — सदस्य सचिव

**निर्णय नं. ७** — प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिका भित्र पछिल्लो समय आएको हावाहुरी जस्ता विपदको कारणले सर्वसाधारण जनताको धनजन , पशुचौपाय बालीनाली लगायतमा पुगेको क्षतिको पालिकाको प्राविधिक कर्मचारीद्वारा एकिन गरी गाउँपालिकाको विपद व्यवस्थापन सम्बन्धि कार्यविधि बमोजिम पिडितहरुलाई राहत उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ को यस गाउँपालिकाको सेवा प्रवाह तथा पालिकाको कार्य सम्पादन स्वमुल्याङ्कन गर्न प्राप्त विवरण तथा कागजातहरु LGPAS प्रणाली मार्फत पेश गरिएको विवरण जिल्ला समन्यवय समिति हुदै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संघी सरकार समक्ष पेश गर्न सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ९** — प्रस्ताव नं. ९ विविध माथि छलफल गर्दा यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८३/८४ मा कार्यन्वयन हुने प्रदेश समपूरक योजनाहरु यसै गाउँपालिकाबाट गत आर्थिक वर्षमा माग भएबमोजिमको संचालन भइरहेका योजनाहरुलाई नै आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्न सम्बन्धित निकायसमक्ष पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरि आजको बैठक समापन गरियो ।